मेरो साप्ताहिक

मेरो साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : ५ • पूर्णांक : २०८ • वि.सं. २०८० माघ २ मंगलवार • ने.सं. ११४४ पोहेंलाथ्व पञ्चमी • 2024 January 16 • पृष्ठ ८ • मूल्य रू. १०।-

प्राप्त अधिकारको रक्षा गर्नु आवश्यक
लखन थापालाई राष्ट्रिय विभूति बनाउन सहमत

• **मेरो संवाददाता**

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको संविधानले पहिचान र अधिकारका क्षेत्रमा धेरै अधिकारहरू संस्थागत गरेकाले प्राप्त अधिकारको रक्षा गर्दै थप अधिकारका निम्ति रचनात्मक भूमिका खेल्नुपर्ने बताउनुभएको छ।

काठमाडौंको टुँडिखेलमा सोमवार आयोजित थारु समुदायको माघी पर्वलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले सो कुरा बताउनुभएको हो। प्रधानमन्त्रीले वर्तमान संविधान राजनीतिक सन्तुलन र सहमतिको दस्ताबेज भएको कुरामा जोड दिँदै अधिकारको रक्षा र सुदृढ नगर्दा वर्तमानका उपलब्धिहरू समेत गुम्नसक्नेतर्फ सम्पूर्ण नेपालीलाई सचेत गराउनुभयो।

कार्यक्रममा प्रधानमन्त्रीले भन्नुभयो, "नेपालको संविधान देशमा विद्यमान राजनीतिक शक्तिहरूको सन्तुलन र सम्झौताको दस्ताबेज भएका कारण उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायका महत्त्वपूर्ण मागहरू सम्बोधन भए पनि संविधानमा सम्पूर्ण अधिकार न्यायोचित ढङ्गले व्यवस्था गर्न सकिएको छैन। यसका लागि प्राप्त अधिकारको रक्षा र सुदृढीकरणसहित थप अधिकारका निम्ति रचनात्मक पहल लिन आवश्यक छ।'

यसैगरी नेपाल मगर सङ्घले सोमबार माघी पर्वको अवसर पारेर काठमाडौंको टुँडिखेलमा आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रथम सहिद लखन थापालाई राष्ट्रिय विभूति बनाउने मागप्रति आफू सहमत रहेको बताउनुभएको छ।

उहाँले आफू सोचेजस्तो सफल हुन अझै नसकेकाले प्रयास जारी रहेको बताउनुभयो। प्रधानमन्त्री प्रचण्डले पूर्वी नेपाललाई किरात प्रदेश बनाउने आफ्नो लक्ष्य पनि निर्वाचनमा पार्टीको हैसियत कमजोर हुँदा पूरा हुन नसकेको बताउनुभयो।

उहाँले नेपालका प्रथम सहिद लखन थापालाई राष्ट्रिय विभूति बनाउने मागप्रति आफू सहमत रहेको चर्चा गर्नुभयो। त्यसमा पहल गर्ने प्रतिबद्धता समेत जनाउनुभयो। देशभक्तिको पक्षमा, जनताको परिवर्तन मुद्दाको पक्षमा, निरङ्कुशताका विरुद्ध, लोकतन्त्रको पक्षमा बलिदान गर्ने सम्पूर्ण सहीदहरुप्रति उच्च सम्मान रहेको उहाँले बताउनुभयो। नेपालको क्रान्तिकारी आन्दोलन र राजनीतिक योद्धाहरूको पनि सम्मान हुने भएकाले पनि नेपालका प्रथम सहिद लखन थापालाई राष्ट्रिय विभूति घोषणा गर्ने कुरामा आफूले पहल गरिरहेको प्रधानमन्त्री प्रचण्डको भनाइ छ।

आज २६ औं भूकम्प सुरक्षा दिवस

• **मेरो संवाददाता**

काठमाडौं/आज २६ औं भूकम्प सुरक्षा दिवस २०८० को आयोजना हुँदैछ। नेपाल सरकारले बिहिवार २६ औं भूकम्प सुरक्षा दिवस प्रचारप्रसार समितिले एक पत्रकार समेलन आयोजना गरी यसको जानकारी दिएको हो।

सरकारले आज स्थानीय स्रोत र प्रविधिको प्रयोग गरौं, भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं भन्ने मलू नाराका साथ दिवस मनाउन लागेको हो।

बि.सं. १९९० साल माघ २ गते गएको महाभूकम्पको सम्झनामा २०५५ सालदेखि सरकारले हरेक वर्ष माघ २ गते भूकम्प सुरक्षा दिवस मनाइँदै आएको छ।

विगतको वर्षमा जस्तै यस वर्ष पनि सरकारले देशभर विभिन्न भूकम्पीय सचेतना कार्यक्रम आयोजना गरी मनाइने सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक सुरेन्द्रमोहन श्रेष्ठले जानकारी दिनुभयो।

श्रेष्ठले २६ औं भूकम्प सुरक्षा दिवस समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको उपस्थिति रहने बताइएको छ। उहाँले नेपालको पश्चिम भागमा महसुस हुने भूकम्प करिब ५१७ वर्षदेखि नगएकोले संचित ऊर्जाबाट ८ रेक्टर भन्दा ठूलो भूकम्प जान सक्ने सम्भावना भएको वैज्ञानिकहरुको आँकलन रहेको छ।

श्रेष्ठले नेपालमा विभिन्न कालखण्डमा ठूला साना भूकम्प गइरहेको र २०७२ सालको गोरखा, बझाङ, जाजरकोटमा गएको भूकम्पबाट कमजोर घर र संरचना भत्किएको र ठूलो जनधनको क्षति भएको पनि बताउनु भयो।

श्रेष्ठले नेपाल सरकारद्वारा जारी राष्ट्रिय भवन संहिता विशेष गरी स्थानीय तहहरुबाट हुने नक्सा पासमा अक्षरशः पालना भए मात्र सोचे जस्तो भुकम्प सुरक्षा सुनिश्चित गर्न सकिने बताउनु भयो।

श्रेष्ठले कमजोर भवन संरचनालाई सुरक्षित बनाउन प्रवलीकरणको काम अगाडि बढाउन आवश्यक रहेको पनि बताउनु भयो।

अन्तरधार्मिक आयोगको माग

• **मेरो संवाददाता**

काठमाडौं/संघिय सांसद एकनाथ ढकालको नेतृत्वमा गएको अन्तरधार्मिक अगुवाहरुको प्रतिनिधिमण्डलले पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रि सुदन किरातीसँग छलफल गरेका छन्। सिंहदरवारस्थित पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयमा भएको छलफलमा अन्तरधार्मिक अगुवाहरुले नेपालको संविधानको भावनाको कदर गर्दै "अन्तरधार्मिक आयोग" गठन गर्न मन्त्रि किरातीसँग एकैस्वरमा माग गरे।

छलफलमा सांसद तथा अन्तराष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति सदस्य एकनाथ ढकालले धार्मिक क्षेत्रले शान्ति, सदभाव र भातृत्वको अभिबृद्धि गर्नु पर्ने बताउँदै अन्तरधार्मिक आयोगको अपरिहार्यतामाथि प्रकाश पार्नु भयो।

मन्त्रि किरातीले आफु देशका सबै धर्म संस्कृतिको हकहितको पक्षमा रहेको बताउँदै मन्त्रालयले अन्तरधार्मिक अगुवाहरुसँग निरन्तर छलफल गर्ने तथा अन्तरधार्मिक आयोग गठनमा सकारात्मक रहेको बताउदै प्रतिनिधिमण्डललाई प्रधानमन्त्री पुष्प कमल दाहाल "प्रचण्ड" लाई भेटी थप प्रकाश पार्न सुझाब दिनु भयो। उहाँले बिबिधता नेपालको सम्पति र सुन्दरता रहेको भन्दै मध्य पहाडी क्षेत्रमा बहुसांकृतिक महारेखाको अबधारणा अघि सार्ने भन्दै निकट भविष्यमा मन्त्रालयले सांकृतिक सम्लेलन गर्ने जानकारी दिनुभयो।

छलफलमा धार्मिक अगुवाहरु भिक्षु धर्ममुर्ति, इशाई अगुवा डा केबी रोकाय, डा महेन्द्र भट्टराई, मुस्लिम महिला अधिकारकर्मी सीमा खान, हिन्दु पण्डित केशव प्रसाद चौलागाई, प्राध्यापक स्वामी आनन्द बिनोद, जैन गुरु नमन उपाध्याय, किरात धर्म गुरु दङ्ग धोज खोयाहांग, बहाई गुरु डा नरेन्द्र पाण्डे, डा पियारत्न मर्हजन, युपीएफ नेपालका उपाध्यक्ष सन्तोष कुमार पौडल, विश्व शान्ति तथा एकीकृत परिवार महासंघका मनोज सुर्खेती लगाएत विभिन्न आठ धार्मिक समुदायको सहभागिता रहेको थियो।

निर्णय फिर्ता लिन ध्यानाकर्षण

• **मेरो संवाददाता**

काठमाडौं/यहाँको खुलामञ्चलाई फुटबल मैदान बनाउने निर्णय फिर्ता लिन मुक्त टुडिखेल अभियानले ध्यानाकर्षण गराएको छ। काठमाडौं महानगरपालिकाले खुलामञ्चमा फुटबल मैदान बनाउने प्रक्रिया शुरु गरे लगतै मुक्त टुँडिखेल अभियानले सो कुरा अगाडि नबढाउन अनुरोध गरेको हो।

खुला सार्वजनिक जग्गालाई सरकारीकरण गर्ने दुषित मनसायले महानगरले खुलामञ्चमा दुइवटा फुटबल मैदान बनाउन लागेको सो अभियानको विज्ञप्तिमा उल्लेख गरेको छ।

खुलामञ्चलाई प्रकृतिबाट हुने प्रकोपको बेला आश्रय केन्द्रको रुपमा रहेकोमा सो क्षेत्र खतरामा परेको पनि अभियानले जिकिर गरेको छ।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय ✍

भूकम्पीय जोखिम र नेपाली

१९९० माघ २ गते नेपाली इतिहासले भुल्न नसकेको दिन हो । यस दिन नेपालमा ठूलो विनासकारी भूकम्प गएको थियो । लाखौं जनधनको क्षतिले नेपाली इतिहासमा १९९० साललाई भूकम्पको वर्षको रुपमा इंगित गरी दिएको छ । १९९० पछि पनि नेपालमा साना ठूला भूकम्पहरु गइ नै रहेका छन् । पछिल्लो समय २०७२ सालमा आएको भूकम्पपछि पनि नेपालका विभिन्न स्थानमा भूकम्पका धक्का महसूस गरिँदै आएको छ । पछिल्लो समय पश्चिम नेपालको जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पले पनि जनधनमा क्षति पुऱ्याएको छ ।

नेपाली भूगोल भूकम्पीय जोखिम रहेको क्षेत्र हो । भूकम्प कहिले र कति शक्तिशाली जान्छ भन्ने ठोकुवा गर्ने कुनै यन्त्र अहिलेसम्म निर्माण भएको छैन । मात्र भू अवस्थितिको अनुमान गरी भूकम्प जान सक्ने पूर्वानुमानसम्म गर्न सकिन्छ । पछिल्लो समय भूगर्भविद्हरुले पश्चिम नेपालमा लामो समयदेखि भूकम्प नगएका कारण त्यहाँ ठूलो भूकम्प जान सक्ने अनुमान गरेता पनि देशको अन्य स्थानमा भूकम्प जाँदैन वा जान सक्दैन भन्ने छैन । यसैले भूकम्पबाट बच्नका लागि सदैव तयार भएर रहनु आवश्यक छ । भूकम्पले आफै कसैको पनि ज्यान लिँदैन । भूकम्पको समयमा हुने क्षतिको प्रमुख कारण कमजोर संरचना रहेको विभिन्न अध्ययनहरुले जनाएको छ । भूकम्पको समयमा अत्तालिने र अनावश्यक भागदौड गर्नाले पनि जनधनको क्षति पुग्ने गरेको देखिन्छ । भूकम्पीय जोखिमबाट बच्नका लागि संयमित बनी सुरक्षित स्थानको खोजी गर्नु आवश्यक छ । पहिलो धक्का महसूस भइसकेपछि पुनः दोश्रो धक्का पनि जान सक्ने र दोश्रो धक्काले नै धेरै क्षति गर्ने भूगर्भविद्हरुको भनाइ रहेको छ । यसैले पहिलो धक्का महसूस भइसकेपछि भवनबाट बाहिर आई खुल्ला स्थानमा सुरक्षित बस्नु आवश्यक छ । यसका लागि मानव बस्तीको नजिकै खुल्ला स्थानहरुको आवश्यकता पर्दछ ।

तर पछिल्लो समय खुल्लास्थानहरुलाई खुल्ला राख्नु भन्दा पनि विभिन्न नाममा विभिन्न निर्माण कार्यले काठमाडौंमा खुल्ला स्थानकै अभाव हुने देखिएको छ । यसर्थ भूकम्पीय जोखिमबाट बच्नका लागि सतर्कता, सचेतताका साथमा खुल्लास्थानको संरक्षण र सम्वर्द्धन पनि आवश्यक छ । भूकम्पीय जोखिम छ, यसबाट बच्ने उपायहरु पनि छन् । जसका लागि जनता र सरकार सबैले संयुक्तरुपमा प्रयास गर्न आवश्यक छ । सबैले आ-आफ्नो दायित्व पूरा गरेमा नै सबै सफल बन्न सकिन्छ ।

नेपाललाई सुहाउने पृथ्वीपथ

✍ कृष्णहरि देवकोटा

भर्खरै पौष २७ गते राष्ट्रिय एकता दिवश तथा पृथ्वी जयन्ती देशभर मनाइयो । गणतन्त्रको आगमन पश्चात रोकिएको पृथ्वी जयन्ती मनाउने परम्परा यो सालबाट सरकारी विदा नै दिएर मनाउन थाल्नु अत्यन्त राम्रो हो । केही बर्ष पहिले भत्काइएका उनका शालीकहरु यतिखेर पुनःनिर्माण गरी अनावरण गर्न थालिएको छ । शालीक भत्काउन लगाउनेहरु नै अहिले शालिकमा माल्यार्पण गर्न थालेका छन् । अहिले आएर नेपालीहरुलाई चेतना भया जस्तो छ । यो सबैको लागि खुशिको कुरा बनेको छ । बडामहाराज श्री ५ पृथ्वीनारायणले नेपाल राष्ट्रको एकीकरणको लागि ठूलो योगदान गरेका थिए । उनी एक दुरदर्शी राजा थिए ५४ राज्यहरुलाई एकिकरण गरी विशाल नेपाल बनाउने सपना देखे र आफ्नो लक्ष अनुरुप सबै भाइ भारदारहरुलाई नेतृत्व प्रदान गर्दै अगाडि बढे । उनैको पदचापलाई पच्छ्याउँदै बहादुर शाह लगायत पछिका राजाहरुले पनि एकीकरणको अभियानलाई निरन्तरता दिए र एकिकरण सम्पन्न भयो अनि अहिलेको विशाल नेपाल बन्न सक्यो । युद्ध गरेर अरु राज्यहरु र त्यहाँका जनतामाथि अन्याय गरे भनेर पृथ्वीनारायण माथि आरोप लगाइन्छ पनि । त्यो युद्ध अहिलेको जस्तो क्रुर र नृशंस नभई युद्ध अनुशासन र युद्ध मर्यादाको पालना गरेर गरिएको थियो ।

हुन त उनी जस्ता राजा धेरै भए तर उनी जस्ता कोही नभएकै कारण उनलाई बडामहाराज भनेर भनिएको हो । पृथ्वीनारायण केवल राजा मात्र थिएनन् उनी एक दार्शनिक, कुशल राजनीतिज्ञ, अर्थविद, संस्कृतविद, सफल कुटनीतिज्ञ, कुशल योद्धा पनि थिए । उनले नेपाल एकीकरणमा त योगदान दिए नै साथै नेपालीको लागि विचार र दर्शन पनि दिएर गए । उनले दिएको विचार अहिले पनि त्यति नै उपयोगी छन् । तर हामीहरुले नै उपेक्षा गरेका कारण हाम्रो प्रगति हुन सकेन । हाम्रा लागि उनका विचार मार्गदर्शक सिद्धान्त बन्न सकेका भए हामी स्वीजरल्याण्ड र सिंगापुरलाई पनि माथ गरेर विकसित बनिसक्ने थियौं । तर भिल्लाको देशमा मणीको महत्व नबुझेर मिल्काइएको जस्तै पृथ्वीनारायणका विचारहरुलाई हामीले वास्ता नगरी अहिलेसम्म मिल्काई दियौं । उनीलाई आदर्शपुरुष मानेर उनका विचार र दिव्य उपदेशहरुलाई अनुसरण नगरेर हामीले ठूलो भुल गरेका छौं । नजिकको तीर्थ हेला भने जस्तै हाम्रा महापुरुषहरुका विचारलाई वास्ता नगरी मार्क्सवाद, माओवाद, लेननिवाद, पूँजीवाद, गान्धीवाद भन्दै पृथ्वीवादलाई चटक्कै भुल्यौं ।

नेपालका नेताहरु विदेशीका विचारहरुलाई कार्यान्वयन गर्न रटान त लगाई रहे तर सत्ताको अवसर पाउँदा भने केही गर्न सकेनन् । सबै कुरा कुरैमा मात्र सिमित भए व्यवहारमा उल्टै मात्र गरे । हामीसँग कुनै विदेशीको विचार सापट लिएर देश विकास गर्नु पर्ने थिएन । माओ विचार चीनको लागि उपयुक्त थियो, रुसको लागि लेलिनवाद मार्क्सवाद, भारतको लागि गान्धीवाद । हाम्रो लागि त पृथ्वीवाद नै उपयुक्त थियो । उनको विचारलाई अगाल्दै उनले दिएको दिशानिर्देशको पालना गर्दै पृथ्वी पथमा चलेको भए अहिले हाम्रा युवाहरु यति ठूलो संख्यामा विदेशिनु पर्ने अवस्था आउने थिएन । देश आत्मनिर्भर हुने थियो । खानेकुरा, लगाउने कपडा, औजारहरु, शैक्षिक सामग्री, औषधी सबै बस्तुको लागि हामी विदेशीको मुख ताक्नु पर्ने थिएन ।

उनले दिएका उपदेशहरुको पालना गरेको भए आज हामी खेतियोग्य जमीनमा बस्ती बसाल्ने थिएनौं । खेतीयोग्य जमीनलाई जोगाउनु र खेती नहुने ठाउँमा बस्ती बसाल्नु भन्ने उनको उपदेश थियो । खेतियोग्य जमीनको संरक्षण गरी हाम्रो हावापानीमा फल्ने रैथाने बालीविरुवाको संरक्षण गरेको भए हामी कम्तिमा कृषिमा त आत्मनिर्भर हुने थियौं । तर अहिले भारतले अन्न रोक्यो भने हामी खान नपाएर मर्ने अवस्थामा पुगेका छौं ।

त्यस्तै विदेश जानु तर सीप सिकेर देशमा आई उद्यम गर्नु विदेशीलाई आफ्नो गुह्य कुरा नखोल्नु भन्ने उनको दिव्य उपदेश थियो । तर हाम्रा युवाहरु शीप सिक्न हैन अरुकोमा नोकर हुन जानको लागि कति आतुर बनेका छन् भन्ने कुरा त हामी दिनदिनै देखिरहेका छौं । सरकार रोजगारीका अवसर दिदैन युवाहरु विदेश जानु वाहेक विकल्प देख्दैनन् । सरकार नै विदेश पठाउन विभिन्न देशसंग सम्झौता गरिरहन्छ । पृथ्वीपथले भनेको भन्दा उल्टो भएको छ । आफ्नो देशको गुह्य कसैलाई नखोल्नु भन्ने कुराको उल्टो सबै कुरा जनतालाई थाहा हुनु भन्दा पहिले विदेशीलाई जानकारी हुन्छ । देशमा प्रधानमन्त्री को बन्दै छ कस्लाई बनाउने हो भन्ने कुरा त उतैबाट तय हुन्छ । यो अवस्थामा देशको गुह्य कहाँ जोगिएको छ र । विदेशबाट सीप सिकेर देश आई उद्यम खोल्नु भन्ने सट्टा अहिले त विदेश जाउ उतै हराउ यहाँको धन समेत उतै लैजाऊ भन्ने पो भाको छ ।

खानीहरु भएको स्थानबाट बस्ती सारेर भए पनि खानी उत्खनन् गर्नु भन्ने उनको अर्को दिव्य उपदेश थियो । नयाँ सम्भावना भएका पेट्रोल खानी, कोइला खानी, अभ्रखखानी, युरेनियमखानी, चुनखानी निकाल्ने त के पहिले सञ्चालनमा आएका तामाखानी, फलामखानी, जस्ताखानी सबै बन्द भएका छन् । यतिखेर हाम्रा उद्योगहरुलाई चाहिने हरेक खालका कच्चा पदार्थहरु विदेशबाटै ल्याउनु पर्दछ । हाम्रै देशमा उत्पादन गर्न सक्ने कच्चा पदार्थ चिनीमिलको लागि उखु, दाना उद्योगको लागि मकै, भटमास, तोरीको पिना, जुत्ताको लागि छाला आदि पनि विदेशबाटै ल्याउनु पर्दछ । हामीले उनका उपदेशको पालना गरेको भए हामी खानीजन्य कच्चा पदार्थमा पनि आत्मनिर्भर तर्फ अगाडि बढ्ने थियौं ।

उनले दिएका उपदेशहरुको पालना गरेको भए आज हामी खेतियोग्य जमीनमा बस्ती बसाल्ने थिएनौं । खेतीयोग्य जमीनलाई जोगाउनु र खेती नहुने ठाउँमा बस्ती बसाल्नु भन्ने उनको उपदेश थियो । खेतियोग्य जमीनको संरक्षण गरी हाम्रो हावापानीमा फल्ने रैथाने बालीविरुवाको संरक्षण गरेको भए हामी कम्तिमा कृषिमा त आत्मनिर्भर हुने थियौं ।

पृथ्वीनारायणले जनता मोटा भया राज्य मोटो हुन्छ भन्थे । जनता राज्यका भकारी हुन् । उनको यो भनाई कति महत्वपूर्ण छ । जनताले राम्रो कमाई गर्न सके भने आवश्यक पर्दा राज्यलाई सहयोग गर्न सक्छन् भन्ने थियो । राज्य विस्तार गर्ने क्रममा उनले हतियार किन्नको लागि पैसा नहुँदा आफ्नो भोटो सिउने दर्जी विसे नगर्चीसँग सल्लाह लिन जाँदा सबै प्रत्येक घरसँग रु १ का दरले उठाउनु भै हाल्छ नि भन्ने सल्लाह दिए पछि सोही अनुसार हतियार किन्न पुग्ने रकम (त्यस बखतको विश हजार) जम्मा भएको कारणले पनि उनले भाइभारदारहरुलाई यस्तो कुरा सम्झाएका थिए । अहिले जनता माथि चाहिँदा नचाहिँदा कर थुपारेर ढाड भाच्ने काम भएको छ । जनता माथि बृत्तिय संस्थाहरु, सहकारीहरु माइक्रो फाइनान्सहरु, बैंकहरु आदिले चक्रबर्ति व्याज लगाएर र जनताले जम्मा गरेको रकम नै हिनामिना गरेर दुःख दिंदा पनि सरकार मुकदर्शक बनेको छ ।

नेपालको भूराजनीतको पनि उनले विश्लेषण गर्दै भनेका थिए नेपाल दुई ढुंगाको तरुल हो । त्यही अनुसार छिमेकीहरुसँग व्यवहार गर्नु । उत्तर तर्फको बादशाह ठिकै छ तर दक्षिण तर्फको बादशाहसँग विश्वास नगर्नु । उनीहरु शक्तिशाली छन् विचार गरेर चल्नु सोही अनुसार कुटनीति तय गर्नु भनेका थिए । त्यो उनको सन्देश अहिले ३०० बर्ष पछि पनि उतिनै काममा आउँछ ।

पृथ्वीनारायणको रणकौशलताले

बाँकि पृष्ठ ६ मा

मेलाको उत्कृष्ट नाटक अन्तराष्ट्रिय नाटक महोत्सवमा

• **मेरो संवाददाता**

काठमाडौं/नाट्यकर्मी महासंघद्वारा आयोजित राष्ट्रिय बाल नाटक मेला २०७९ मा उत्कृष्ट भएको नाटक 'पार्वती' अन्तराष्ट्रिय नाटक महोत्सवमा सहभागी हुन भारत प्रस्थान गरेको छ। भक्तपुरको निस्ट स्कूलले प्रस्तुत गरेको नाटक पार्वतीले गत वर्षको संस्करणमा सर्वोत्कृष्ट नाटकको पुरस्कारका साथै अन्य ६ वटा विधामा पुरस्कार जित्न सफल भएको थियो।

भारतको उडिसा राज्यको कट्टक शहर आयोजना हुने ग्लोबल थिएटर फेस्टिभल २०२४ मा भाग लिन नाटकका कलाकारहरु रुमानी रोकाया, आर्जन अधिकारी, सौर्या शाह, सुजन पहाडी, आराध्य खतिवडा, जिविका खतिवडा, स्यारोन कटुवाल, ट्रेजा ढकाल, प्रशंसा कटुवाल लगायत नाटक टोली त्यस तर्फ प्रस्थान गरेका हुन्। देउकी परम्परामा आधारित नाटकको लेखन तथा निर्देशन पुस्पराज अवस्थीले गरेका हुन्। नाटकले उठाएको विषयवस्तु र कलाकारहरुले गरेको उत्कृष्ट प्रस्तुतिकरणको दर्शकहरुले गत वर्ष मुक्त कण्ठले प्रशंसा गरेका थिए।

मकर संक्रान्ति सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/नेवाः समुदायले माघे सक्रान्ति घ्यू चाकु सल्हु आमाको हातबाट टाउकोमा तेल ग्रहण गरि मनाएको छ। नेवाः समुदायमा यस दिन विहानै नुहाइ प्रत्येकले आ-आफ्नो आमाको हातबाट टाउकोमा तेल राखि तरुल, घिउ, चाकु, सुकेको माछा, पालुङ्गो, साकसाला, तिलको लड्डु आदि सेवन गर्ने गरिन्छ। यसै गरि दिउँसो घाममा बसि जिउँमा तेल मालिस गर्नाले शरिरमा दुखेको रोग भाग्ने पनि यस समुदायमा विश्वास रहेको छ।

त्यसै गरि थारुहरुले नयाँ वर्षको रुपमा माघि मनाएको छ साथै मगर र किराँत समुदायले पनि धुमधामको साथ यो पर्व मनाइने गरिन्छ। यो पर्वलाई माघ्या पनि भनिन्छ।

तराईका जिल्लामा माघे सक्रान्तिलाई तिलुवा संक्रान्तिको रुपमा मनाउने गरिन्छ। तराईवासीले माघ १ गतेका दिन बिहानै तीर्थस्थलमा गई स्नान गरेर तिल दान गर्नाले सुन दान गरे सरहको पुण्य प्राप्त हुने धार्मिक विश्वास रहेको छ। यस दिन देवघाट, त्रिशूली, कालीगण्डकी, वाग्मती, इन्द्रावती, त्रिवेणी, रिडीलगायतका स्थानमा विशेष मेला लाग्ने गर्दछ।

सुनसरी जिल्लाको प्रसिद्ध धार्मिक तीर्थस्थल बराहक्षेत्रमा माघे सङ्क्रान्तिका दिन भगवान विष्णुको पूजा आराधना गरिन्छ। हिन्दू धार्मिक विश्वासका आधारमा उक्त स्थानमा त्यस दिन मकर नुहाई शरीर स्वच्छ बनाएमा मोक्ष पाउने विश्वास गरिन्छ।

गौतम बुद्ध म्युजिक एण्ड फिल्मस् अवार्डको आवेदन खुल्ला

नेपाल एक्टिभ प्रोडक्सन प्रा.लि.ले पहिलोपटक गर्न लागेको गौतम बुद्ध म्युजिक एण्ड फिल्मस् अवार्ड-२०२४ को आवेदन फारम खुल्ला गरिएको छ। फारम भर्न गीतको नाम वा युट्युब लिंक, सम्बन्धित व्यक्तिको सम्पर्क नम्बर आवश्यक रहेको आयोजकले जनाएको छ।

२०७९ सालदेखि २०८० पौष १५ भित्र उत्पादन भएका विभिन्न नेपाली गीत संगीत र फिल्मले अवार्डमा भाग लिन पाउने तथा गीत संगीत र कलाकारको प्रोत्साहनका लागि यो अवार्ड कार्यक्रमको आयोजना गरिएको नेपाल एक्टिभ प्रोडक्सन प्रा.लि.का निर्देशक सुर्य मम्बा तामाङले बताउनु भएको छ।

यस्तै नेपाली गीत संगीतको संरक्षण र सम्बर्द्धनका साथै कलाकार हरुको मनोबललाई उच्च बनाउन कार्यक्रमको आयोजना गरिएको तामाङले बताउनु भएको छ।

यसैगरी सांगीतिक क्षेत्रमा क्रियाशील व्यक्तित्व र कामको मूल्याङ्कन र उनीहरूको कामलाई अझै हौसला प्रदान गर्ने कार्यक्रमको मुख्य उद्देश्य रहेको आयोकले जनाएको छ। आधुनिक, लोक, पप, लोकदोहोरी, राष्ट्रिय भाव, भाषाभाषी, भेग विशेष, चलचित्र, पर्वजस्ता विभिन्न विधा अवार्डमा समावेश गरिने छ। गायक, गायिका, संगीतकार, गीतकार, संगीत संयोजक, म्युजिक भिडियो निर्देशक, छायाँकार, सम्पादक, कोरियोग्राफर, मोडल सहित विभिन्न ५६ विधामा अवार्ड प्रदान गरिने आयोजकले जनाएको छ। टप-५ नोमिनेशन आगामी माघ तेश्रो साताभित्र सार्वजनिक गरिने तथा अवार्ड समारोह फागुनमा काठमाडौंमा आयोजना हुनेछ।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

रहेनन् जनगायक भृगुराम श्रेष्ठ

• **मेरो संवाददाता**



काठमाडौं/नेपाली संगीत र कला क्षेत्रका वरिष्ठ गायक कलाकार भृगुराम श्रेष्ठको अन्तिम संस्कार पशुपति आर्यघाटमा सोमवार सम्पन्न भएको छ।

उहाँको पेटको क्यान्सरका कारण आइतवार साँझ ५ बजेर २० मिनेटमा वीर अस्पतालमा निधन भएको थियो।

सोमवार नेवाः देय् दबूको संयोजनमा एक श्रद्धाञ्जली कार्यक्रमको आयोजना गर्दै उहाँलाई अन्तिम विदाई गरिएको थियो। उहाँलाई अन्तिम विदा गर्नका लागि जनकवि दुर्गालाल श्रेष्ठ आर्यघाटमा पुगेर पार्थिव शरीरमा खादा अर्पण गरी श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो।

नेपालभाषा एकेडेमीका उपकूलपति मल्ल के सुन्दरले जनगायक भृगुराम श्रेष्ठ जस्ता व्यक्तित्व सदियौंमा एक जना मात्र जन्मिने बताउनु हुँदै भाषिक जागरणका लागि उहाँले पुऱ्याउनु भएको योगदान अतुलनीय रहेको बताउनु भयो।

६ दशक बढि कला क्षेत्रमा निरन्तर योगदान दिनुभएका श्रेष्ठको 'लुमन्तिइ', 'इलं पिज्वःगु सः' र 'रागमि नुगलय्' गरी ३ वटा एकल एल्बम प्रकाशित भएको छ। उहाँले नेपालको पहिलो मातृभाषी चलचित्र सिलुमा पनि अभिनय गर्नुभएको छ।

२२ सालमा रेडियो नेपालबाट नेपालभाषाको समाचारको प्रसारण बन्द गरिँदा त्यसैको विरोध कार्यक्रम स्वरुप काठमाडौंको टोल टोलमा भएको सांस्कृतिक कार्यक्रमहरु सबैमा श्रेष्ठले क्रान्तिकारी गीत गाएर सहभागिता जनाउनु भएको थियो। भाषिक अधिकारको माग गर्दै उहाँले थुप्रै प्रगतिशील गीतहरु गाउनु भएको छ। त्यसैले उहाँलाई नेवार समाजले नागरिक स्तरबाट जनगायक उपाधीबाट सम्मान गरेको थियो।

श्रेष्ठको रागमि नुगलय्, असं त्वाःया दबू कुनय्, थौं वइला कन्हय् वइला, द्यःयात सिन्हाय् स्वां लगायतका थुप्रै नेपालभाषाका गीतहरु चर्चित छन्।

उहाँको जन्म वि.सं. १९९० कार्तिक ८ गते बुबा आशाराम र आमा सानुनानीको सुपुत्रको रूपमा भएको थियो। ५-६ वर्षको उमेरमा नाटक सत्यवान सावित्रीमा 'हे देवी लिउ शरण हामीमाथि दया करो' गीत गाएर सांगीतिक यात्रामा प्रवेश गर्नुभएका श्रेष्ठ अभिनय र नृत्य कलामा पनि पारंगत हुनुहुन्थ्यो।

पछिल्लो समय भजनमा धेरै समय दिनुभएका उहाँ श्रीघः ज्ञानमाला भजन खलःका संस्थापक समेत हुनुहुन्छ।

उहाँको श्रद्धाञ्जली सभामा नेपालभाषा तथा सांगीतिक क्षेत्रका व्यक्तित्वहरुको बाक्लो उपस्थिति रहेको थियो। आर्यघाटमा उहाँका गीत गुञ्जिँदा परिवारका साथमा उपस्थित समुदाय केही क्षण भावविभोर बनेका थिए।

जनगायक श्रेष्ठ पछिल्लो समय छोरा जविन राम श्रेष्ठ, बुहारी र दुई नातिहरुका साथमा बस्दै आउनुभएको छ। रविन राम श्रेष्ठ उहाँको कान्छा छोरा हुनुहुन्छ।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

नेवाः सः
Newa FM 106.6 MHz
नेवाः एफएम १०६.६ मेगाहर्ज
न्हिच्छि-चच्छि

२४ घन्टा प्रसारण
विश्व न्यंक प्रत्यक्ष : newafm.com.np
नेपालभाषा एकेडेमिया निंतिं
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किपः, ललितपुर।
फोन ल्याः ४३३०२२१, ४३३४०००
इ-मेल : ankmedia.newafm@gmail.com
Media for Social Good

हार्दिक श्रद्धाञ्जली



जनगायक भृगुराम श्रेष्ठ

१९९० कार्तिक ८ - २०८० पुस २९

जनगायक भृगुराम श्रेष्ठ छत्वाःचा म्हसीका

• **मेरो साप्ताहिक डेस्क**

नेपालभाषा संगीत व कलाया ख्यलयू यक्व नगुत ब्वलंगु दु। थुज्वःगु थीथी नगुतयू भ्किलमिल प्रकाशं खिउँगु इलयू नं नेपालभाषायात मदिक्क न्हय्ज्यायेत लँपु क्यंगु दु। उज्वःगु हे नगुत मध्ये छगः थीगु खः भृगुराम श्रेष्ठ।

वयूकः कलाकारिता, भाषा व धर्मप्रति नुगः क्वसायेकाः जीवन हनाच्वनादीम्ह छम्ह नांजाःम्ह कलाकार खः। संगीतया ख्यः वयूकःया दकलयू न्हापांगु मतिना खःसा कलाकारिताया मेमेगु ख्यलयू वयूकः साःप हे नुगः क्वसाः। वयूकःया कला अनुराग बयाना यानाः साध्य हे मजू। वयूकःया ज्वः मेपिं सुं हे मदु धाःसां छुं पाइमखु। उकिं वयूकः छम्ह ज्वः मदुम्ह व्यक्तित्व खः धकाः धायेमाः। थुकथं छम्ह ज्वः मदुम्ह कला पारखीया रुपयू थःगु म्हसिका न्हय्बव्या वयाच्वंम्ह कला अनुरागी भृगुराम श्रेष्ठ गुइदँ पुले धुंकूगु बैंशयू नं छम्ह नच्चाम्ह ल्यायूम्हयाके दइगु जोश ज्वनाः संगीत व धर्मया ख्यलयू दिपाः मदयेक पलाः न्हयाका वयाच्वंम्ह व्यक्तित्व खः।

वि.सं. १९९० साल कार्तिक ८ गते अष्टमि खुनु मां सानुनानी व अबु आशाराम श्रेष्ठया कायूमचाया रुपयू जन्म जूम्ह भृगुराम श्रेष्ठया अबुजु नं संगीत ख्यलयू तसकं नुगः क्वसाःम्ह खः। भृगुराम श्रेष्ठ न्यादँ खुदँति दुबले वयूकःया छैं लिउने क्यबयू जूगु 'सत्यवान सावित्री' नांयागु थेटरयू 'हे देवी लिउ शरण हामीमाथि दया करो' धाःगु म्ये हालाः सांगीतिक यात्रा न्हय्याकादीगु खः।

वि.सं. २००० सालपाखे उगु ईया नांजाःम्ह नृत्यगुरु कान्छाबुद्ध बज्राचार्यपाखें नृत्य कलाया औपचारिक ज्ञान कयादिल। अले वसपोल (कान्छाबुद्ध)या हे निर्देशनयू वि.सं. २००२ सालयू दकलयू न्हापांखुसी स्टेजयू दं भ्काल। उगु इलयू वयूकलं दबुलिइ "जगतयू मांया गुण अति भारी " धइगु म्ये हालाः थःगु सांगीतिक यात्रायू मेगु पलाः न्हय्याकादिल सा अभिनयया ख्यलयू नं वयूकलं छम्ह राजकुमारीया अभिनय यानाः थःगु यात्रा सुरु यानादिल। थुगु प्याखं त्रिभुवनया दरवारयू क्यने यंकूबले त्रिभुवन जुजुं 'ल, यो बख्शीश त्यो केटी भएर खेल्नेलाई" धकाः भ्किन्याम्वः पायूम्वः बख्शीश ब्यूगु जुयाच्वन।

१५ दँ दुबले २००४ सालंनिसें वयूकलं निर्देशनतकं यायेगु यानादिल। दुर्गालाल व वयूकः तसकं मिले जूपिं पासापिं खः। दुर्गालाल च्वयेगुलिइ व वयूकः स्यनेगु व क्यनेगुलिइ हाः न्हय्याः। उगु इलयू जुइगु न्हय्याथेंजाःगु ज्याइवलयू नं वयूकःपिं मदयेकं मगाः।

जनकवि दुर्गालाल श्रेष्ठया च्वसां पिदंगु न्हापा पिदंगु दक्व धइथें म्येयू सः बिइम्ह भृगुराम श्रेष्ठ हे जुयादी। 'भ्कीगु भाषा मन्त धाःसा गयूथ्व नेपाः भ्कीगु जुइ, सिरिसिरि फसं जितः कुचुकुचु नकल, होलिया मेला मयूजुं मस्यूला, थुलि घाः दिलयू थौ ज्वीगु मस्यू, म्वाल हुँ वनेसा थुलि खँ न्यनाः हुँ, भ्कसुका तयूगु हिहिलं ख्वयूगु' थेंज्याःगु आपालं आपाः म्ये दुर्गालाल श्रेष्ठं च्वया दिलसा उकी भृगुराम श्रेष्ठं थःगु सः थ्वयेकादिल।

संगीत व नृत्य ख्यःया नापनापं अभिनय ख्यलयू नं उतिकं नुगः क्वसाःम्ह कलाकार भृगराम श्रेष्ठं दबुलिइ थीथी छधाः प्याखनयू व ख्यालखयू नं म्हितादीगु दुसा निर्देशन नं यानादीगु दु। गुलिखे धेंधें बल्ला कासायू सिरपाः नं त्याकादीगु दु। उकी मध्ये ने.सं. १०९६ सालयू मुनासःया ग्वसालयू जूगु ख्यालः कासाया वयूकःयात "वा वल फयू वल"पाखें दकलयू बांलाःम्ह निर्देशक, दकलयू बांलाःम्ह ख्यालः च्वमि, दकलयू बांलाःम्ह ख्यालि म्वः व नापनापं दकलयू बांलाःगु ख्यालःया सिरपा वःगु खँयात वयूकलं थःगु जीवनया छगू अविस्मरणीय घटनाकथं कयादी। अथे छम्ह हे मनुखं प्यंगू प्यंगू सिरपाः त्याकूगु धइगु छगू ज्वःमदुगु दसु खः।

भृगुरामं छधाः प्याखं, पूधाः प्याखं, ख्यालः अले संकिपा नं म्हितादीगु दु। वयूकलं २०१६ सालयू 'उद्घाटन' छधाः प्याखं म्हितादिलसा मचा प्याखं 'त्याग' अले 'ग्राम्य जीवन' व 'पश्चाताप' आदि थेंज्याःगु प्याखनयू नं म्हिता दिल। संकिपायू वयूकःया न्हापांगु पलाः 'माइतीघर' खः। उकी वयूकः छम्ह हुला प्याखंमिकथं ब्वति कयादीगु खःसा वयूकःलिसे थौंकन्हयूया नांजाःम्ह नृत्य निर्देशक बसन्त श्रेष्ठ व राधेश्याम प्रधानपिं नं उगु संकिपायू प्याखं हुलादीगु खः। अनंलिपा 'हिजो आज भोलि' संकिपायू वयूकलं छम्ह गामाः (गाउँले)या भूमिका म्हितादिल। यैंयू त्रिशुली वनेगु लँपुइ लाःगु ककनी गामयू जूगु शुटिंगयू छैंखा छखा हे मि च्याकाः शुटिंग याःगु खँ भृगुराम श्रेष्ठं कनादिगु खः। वयूकःया स्वाभाविक अभिनय खनाः 'हिजो आज भोलि' संकिपाया निर्देशक हिरासिंहं तारिफ याःगु खः। अनं लिपा 'सिलु' संकिपायू नं म्हिता दिल। 'सिलु'या मू नकिं नविना श्रेष्ठ (स्व.) वयूकःया हे याकः म्हयायू खः। 'राजमतिं संकिपायू बन्जा साहु जुयाः म्हितादीम्ह भृगुराम श्रेष्ठजुं आर्यम नकःमिया 'भिंतुना' लगायत मेमेगु नं नेवाः संकिपा म्हितादीगु दु।

लिपांगु ई न्हायूकंत्वाः भजन खलः व श्रीघः भजन मण्डलयू भजन हालेगुलि खर्च यानाच्वनादीगु खः।

वयूकलं प्रहरी सेवा व सैनिक सेवायू जागिर नयादीगु दुसा उगु इलयू वयूकलं रेडियो ज्याइवः नं न्हयाकादीगु जुयाच्वन। थ्व ज्याइवःया निंतिं वयूकलं थःम्हेसिनं हे नं रेडियो रुपकत च्वयादीगु जुयाच्वन।

आपालं आपाः म्ये हालादीम्ह भृगुराम श्रेष्ठया दकलयू न्हापां रेकर्ड जूगु म्ये 'द्यःयात सिन्हायू स्वां' खः। उगु म्ये रत्न रेकर्डिङ्य रेकर्ड जूगु खः। आपालं सिरपा व हनापाखें छायिपइ धुंकूम्ह भृगुराम श्रेष्ठया थ्यंमथ्यं च्यागू दशकया यात्रायू राज्यपाखें धाःसा छुं नं कथंया सिरपाः ब्यूगु मदु।

जीवनया अन्तिम इलयू तक नं ज्ञानमाला भजन हालेगु हार्मोनियम थानाः छेंयू हे म्ये हालाः न्यंकेगु यानादी वयकलं ! सासः दत्तले वयूकलं संगीत ख्यलयू योगदान बियांतुं च्वंगु खः।

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - ११२

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गिन्नि, सं. (-)	लुम्बः, लुंदां।	सुनको मुद्रा, गिन्नी।
गिन्नि स्वां, सं. (स्वान-, - फ्वः)	म्हासु म्हासु नःगु, हेंग्लें चिंगु छता स्वां।	दुरुस्त गिन्नी जस्तो फक्रने फूल।
गिपु सं. (-)	१. गुलुपं, स्वलेत गियातःगु ध्वःया बां।	मार्गदर्शक रेखा।
	२. पिज्वःगु भ्वं लाया धुंया किपा घ्वाना कायूगु ज्या।	पारदर्शी कागजमा नक्साको उतार, लेखोट।
गिया, वि.	गियातःगु, ध्वःधी सालातःगु।	कोरकार पारेको।
गिया आखः, सं. (खल-, -गः)	ल्वहंतयू बा सीजः पतिइ गियातःगु खः।	शिलालेख, ढुङ्गा वा तामाको पातामा कुँदेको अक्षर।
गियेँ, क्रि. (ल)	१. ध्वः धी साले	धर्सो तान्नु, कोर्नु।
	२. चिं खेले, चिं तये।	चिनो लाउनु।
	३. सीजः वा ली पतिइ ध्वः साले।	धर्सो वा चिनो कोर्नु।

हलिं नेवाः गुथि गतिविधि

टिष्टुङ्ग कचां थीथी ज्याइवः याइगु

• **मेरो संवाददाता**

यैं/हलिं नेवाः गुथि टिष्टुङ्ग कचाया वंगु शनिवाः च्वंगु मुँज्यां थीथी ज्याइवः यायेगु क्वःछ्यूगु दु।

कचाया नायः नरहरि गोपालीया नायःसुइ मूनायः विनोद महर्जन व संरक्षक शान्तप्रकाश श्रेष्ठया ब्वतिइ जूगु मुँज्याय् छ्याञ्जे राजभाइ श्रेष्ठ, न्वकु विष्णु गोपाली, हलिं नेवाः गुथि मकवानपुर जिल्लायानायः विजय मल्लया ब्वति दुगु खः।

उगु मुँज्याय् विपत व्यवस्थापन कोष, लयूपतिकं मुँज्या च्वनेगु, हलिं गुथि व्यापार यायेगु, न्हूधा व सदस्यता वितरण यायेगु विषयस सहलह जूगु खः। उगु हे मुँज्यां पालुङ्गय् जुइगु १२ दँया जात्राया लसताय् होलि नखःया अवसरयू द्वःछिम्ह मिसा व द्वःछिम्ह मिजंत तपाःलं व हाकु पतासि सिनाः नेवाः तिसा वसः पुनाः ब्वति कायेगु, न्याद्वः मनूतयूत भ्वय् नकेगु, नापं नेवाः कला संस्कृतिया भाँकि बाजा प्रदर्शन यानाः होली चीर स्वाइगु अष्टमि कुन्हु कला संस्कृति संरक्षण, आर्थिक समृद्धिया निंतिं पयर्टन प्रवर्द्धन धइगु नारा थ्वयेकाः कचाया दँमुँज्या न्हयाकेगु निर्णय जूगु जानकारी प्राप्त जूगु दु।

सांस्कृतिक संरक्षित क्षेत्रया निंतिं मुँज्या

• **मेरो संवाददाता**

टिष्टुङ्ग/थाहा नगरपालिकां नगरपालिका दुनेया सांस्कृतिक संरक्षित क्षेत्र म्हसीकेगु निंतिं हलिं नेवाः गुथिया नायः विनोद महर्जनया नायःसुइ छगू कार्यदल दयेका ज्या न्हयाकूगु दु।

नगरया वंगु मंसिर ७ गतेया निर्णयकथं महर्जनया कजिसुइ १३ म्ह दुजः दुगु कार्यदल दयेकूगु खःसा कार्यदलयू श्रीकृष्ण महर्जनयात सल्लाहकारकथं ल्ययातःगु दु।

कार्यदलया दुजलयू भवानी प्रधान, विजय मल्ल, राजन वलामी, मंगलाल गोपाली, निरन्जन श्रेष्ठ, विष्णु गोपाली, विमल गोपाली, हरि गोपाल श्रेष्ठ, अन्जल प्रधान, विश्वमान श्रेष्ठ, नरहरी गोपाली र निल बहादुर गोपाली दु। उगु कार्यदलया न्हापांगु मुँज्या आइतवाः च्वंगु दु। उगु मुँज्यां थाहा नगरपालिका दुने नेवाः बस्ती टय्यो, टिष्टुङ्ग, कुन्छाल, कुगां वखः (कुटीप्वाकः) पणु, पालुङ्ग, शिखरकोटलिसें नेवाःतयू मूर्त अमूर्त सम्पदा अध्ययन अनुसन्धानया ज्या न्हयाकेगु क्वःछिउगु जानकारी प्राप्त जूगु दु।

इनाप

हनेबहःपिं नेपालभाषाह्यमि रचनाकार भाजुमय्जुपिं !

मेरो साप्ताहिकया नेपालभाषा पौया निंतिं छिकपिनिगु मूवंगु च्वसु बियाः ग्वाहालिया निंतिं इनाप यानाच्वना। नेपालभाषा, सा हित्य, इतिहास, धर्म, संस्कृति सम्बन्धी च्वसुयात थुगु पतिइ विशेष प्राथमिकता बीगु जुइ। लिसें थुगु पौयात च्वन्ह्याकेगु निंतिं छिकपिनिगु सल्लाह सुझावया नं अपेक्षा यानाच्वना।

स्वापू :

९८४१२१५२५०, meroweekly@gmail.com

नेपालभाषा केन्द्रीय विभागमा ई लाइब्रेरी

• **मेरो संवाददाता**

ललितपुर/काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले नेपालको भाषा, कला, साहित्य, संस्कृति सम्वन्धि पुस्तकहरुलाई विश्वव्यापीकरण गर्नुपर्नेमा जोड दिएकी छिन्। आज विहिबार त्रिभुवन विश्वविद्यालय नेपालभाषा केन्द्रीय विभागको ई लाईब्रेरीको समुद्घाटन कार्यक्रममा उपप्रमुख डंगोलले यस्तो जोड दिएकी हुन्।

कार्यक्रममा बोल्दै डंगोलले नेपालभाषाको साथमा नेपालकै भाषा, कला, साहित्य, संस्कृतिको साथमा नेपालसँग जोडिएका हरेक क्षेत्रको अध्ययन विश्वकै कुनाकाप्चामा बसेर गर्न सकिने गरी अघि बढ्नुपर्ने बताइन्।

'अहिले २१औं शताब्दीको विकसित प्रविधिको सहायताले हामी एकैछिनमा संसारभरीका हरेक विषयवस्तु संसारको जुनै ठाउँमा बसेर पनि हेर्न सक्छौं। हाम्रो नेपालको बारेमा लेखिएका सामग्री, अध्ययन, अनुसन्धानलाई पनि विश्वव्यापीकरण गरिनुपर्छ', उपप्रमुख डंगोलले भनिन्। 'त्रिवि नेपालभाषा केन्द्रीय विभागले बनाएको यो ईलाइब्रीमा काठमाडौं महानगरपालिकाले पनि सहकार्य गर्न पाउँदा खुसी लागेको छ। अघि बढ्नुस्, साथ दिन हामी छौं।'

विभागकै प्राङ्गण ललितपुरमा आयोजित एक कार्यक्रमका बीच कामपा उपप्रमुख डंगोलले नेपालभाषा केन्द्रीय विभागको ईलाइब्रीको समुद्घाटन गरेकी थिइन्।

काठमाडौं महानगरपालिकाको आर्थिक सहयोगमा विभागले ईलाइब्रेरी बनाएको हो। कामपाले ईलाइब्रेरी बनाउन अहिले ५० लाख रुपैयाँ उपलब्ध गराएको र यसलाई अपग्रेड र अपडेट गर्दै जानको लागि महानगरपालिका थप बजेट उपलब्ध गराउने प्रतिवद्धता पनि डंगोलले व्यक्त गरिन्।

त्यस्तै त्रिभुवन विश्वविद्यालय नेपालभाषा केन्द्रीय विभागका प्रमुख सहप्राध्यापक डा. राजनलाल जोशीले अहिले करीब चार हजार पुस्तकहरु ईलाइब्रेरीमा अपलोड भइसकेको र यसमा नेपालभाषा, नेवार र नेपालकै भाषा, कला, साहित्य, संस्कृति सम्वन्धि लेखिएका हरेक पुस्तकहरु, पुराना थ्यासफू लगायतका ऐतिहासिक लिखित सामग्रीहरु खोजी खोजी यसमा अपलोड गर्ने लक्ष्य रहेको जानकारी दिए। मन्तव्यको क्रममा विभागका प्रमुख सहप्राध्यापक डा. जोशीले नेपालभाषा क्षेत्र र नेवार समुदायले विभागलाई प्राज्ञिक मञ्चको रुपमा सदुपयोग गर्न पनि आह्वान गरे। 'यो विभाग अध्ययन, अनुसन्धानको थलो हो। अध्ययन, अनुसन्धानको क्षेत्रलाई व्यापक र सहज पनि बनाउनलाई हामीले ईलाइब्रेरी ल्यायौं। नेपालभाषा क्षेत्र र नेवार समुदायले ईलाइब्रेरीको साथमा यो विभागलाई प्राज्ञिक थलोको रुपमा सक्दो सदुपयोग गर्नुहोस्' डा. जोशीले भने। अमलदा भमगालउ वेबसाइटमार्फत उक्त ईलाइब्रेरीमा अपलोड भएका पुस्तकहरु संसारको कुनै पनि कुनाकाप्चामा बसेर पढ्न सकिने विभागले जनाएको छ।

कार्यक्रममा उपप्राध्यापक डा. वज्रमुनि वज्राचार्य, पाटन संयुक्त क्याम्पसका प्रमुख डा. लक्ष्मण वीर सिंह कुवँर, रत्नराज्यलक्ष्मी क्याम्पसका प्रमुख प्रा.डा. जीवनधर ज्ञवाली, प्रमुख, नेवाः देय् दबूका अध्यक्ष पवित्र बज्राचार्य, नेपालभाषा केन्द्रीय विभागको विद्यार्थी संगठन लुमन्ति दबूका अध्यक्ष रामेश्वर श्रेष्ठलगायतकले आआफ्नो विचार राखेका थिए। सोही कार्यक्रममा पुष्पदेवी छात्रवृत्ति, खैगुलि छात्रवृत्ति, योगवीर सिंह विद्वत्वृत्ति लगायतका छात्रवृत्ति प्रदान गरिएको थियो।



रहेनन् पत्रकार कमल तुलाधर

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौं पोष्ट दैनिकका उपसम्पादकका साथै द राइजिङ नेपाल दैनिकका पूर्व उपसम्पादक कमल तुलाधरको निधन भएको छ।

उहाँ नेपालभाषाका लेखकका साथै अंग्रेजी भाषाका पनि लेखक हुनुहुन्छ । ६७ वर्षका उनी आफ्नै निवास लालदरवारमा सुतिरहेको अवस्थामा देहान्त भएको परिवार स्रोत बाट जानकारी प्राप्त भएको छ। उहाँको अन्तिम संस्कार इन्द्रायणिको कर्णदिपमा भएको थियो।

उहाँले नेवाः भाषा सिक्ने किताब 'ज्वजलपा' प्रकाशनमा ल्याउनु भएको थियो भने सो किताबको १० वटा संस्करणसम्म प्रकाशनमा ल्याउनु

भएको थियो। साथै उहाँले नेवार र अंग्रेजी भाषाको शब्दकोष पनि निर्माण गर्नुभएको थियो। उहाँको अरु भाषा अनुवादमा महाकवि सिद्धिदास महाजुको 'शिवविलास' काव्य र चित्तधर हृदयको 'मिं मनः पौ' नेवाः सम्बन्धी पुस्तक 'क्याराभान टु ल्हासा'लगायत अरु फुटकर लेख रचना पनि प्रकाशनमा आएको छ।

नेपाललाई ...

नेपालमा अंग्रेजको प्रवेशलाई रोक्न सफल भयो। संसार जितेको अंग्रेजलाई नेपाल त केही थिएन। तोप बारुद र मेसिनगनले सुसज्जित अंग्रेजलाई भरुवा बन्दुक, खुकुरी, घुयत्रो आदिले सम्भव थिएन। तर सिंधुलीगढीको युद्धमा उनैको सदेशको पालना गर्दै नेपालीहरुले ढुंगामुडा, अरिंगाल र सिस्नोको समेत प्रयोग गरी हराई दिए। उनले दिएको युद्ध कुशलताको ज्ञान अहिले विश्वका सबै लडाकु जत्थाको लागि उपयोगी छ। त्यतिखेर नेपाल मात्र अंग्रेजको उपनिवेश बन्न जोगिएको थिएन तात्कालिन तिव्वत र चीन समेत जोगिएको थियो।

युद्ध त जिते तर हारेका राज्यका जनताको भावना, आस्था, संस्कृति, परम्परामा ठेस पुर्‍याउने कुनै पनि कार्य हुन दिएनन्। जुन राज्यका मानिसले जे जस्तो धर्म, संस्कृति, परम्परा मान्ने गर्दथे उनीहरुले मान्न पाए। जुन मन्दिरमा मगर पुजारी थिए मगरलाई कायम गराए, जहाँ नेवार र राई लिम्बु थिए त्यहाँ उनीहरुलाई नै जिम्मा लगाए। काठमाण्डौं विजय गरे पछि कुमारीलाई ढोगेर कुमारीको पुजा लगायत रथयात्रा, जात्रा आदिलाई निरन्तरता दिन वातावरण बनाई दिए। उनले भन्ने गर्थे जस्ले जे मान्दै आएको छ भान्न दिने। मान्दै आएको मूल धर्म संस्कृति सबैले मानुन् भन्ने गर्दथे। यो उनको उदारता हो। राज्य जिते पछि सबै प्रजा आफ्नै हुन् भन्ने व्यवहार देखाए। एकिकरणको वेला अगाडि बढ्न उनले कतिपय शक्तिशाली राज्यहरुसँग सम्बन्ध राम्रो बनाउन कतै सम्झौता गरे कतै मित लगाए कतै बैवाहिक सम्बन्ध कायम गरे। उनी कुटनीतिका पनि चतुर खेलाडी थिए।

जे होस् हामीले यो बर्ष सबै तिर पृथ्वी जयन्ती मनायौं। यसमा मात्र सिमित रहेर त देशमा केही परिवर्तन आउन सक्दैन तर उनको दिव्य सदेशहरुको पालना गर्न सके भने देशले काचुली फेर्दछ। पृथ्वीनारायण शाहले आफ्नो जीवनको अन्तिम अवस्थामा भारदारहरुलाई नुवाकोटमा बोलाएर दिव्य उपदेश दिएका थिए त्यति वेला उनले भनेका थिए 'मेरा सानो दुःखले आर्ज्याको मुलुक हैन। यो सबै जातजातिको फूलबारी हो। सबैलाई चेतना भया।' यसैबाट धेरै कुरा प्रष्ट हुन्छ। यो सबै जातजातिको साझा फुलवारी हामी सबैले सबैलाई सम्मान गर्नुपर्छ। मिलेर यो देश बनाउनु पर्दछ। विकासको लागि सबैको सहभागीता सबैको सहमती आवश्यक पर्दछ। जातजातिमा फाटो ल्याउने काम कतैबाट हुन दिनु हुन्न। राष्टिय एकतादिवश मनाएर त हामी देशको हितमा, राष्ट्रियताको लागि, देशको विकासको लागि एकता कायम गर्दै अगाडि बढ्नु पर्दछ। अरु देशका विद्धानहरुले प्रतिपादन गरेका विचार वा वादहरुको अनुसरण गर्नु भन्दा पृथ्वीवादको अनुसरण गरौं। बुद्ध लगायत हाम्रा गोरखनाथ, योगी नरहरीनाथ, हाम्रा अग्रज ऋषि मुनी, राजाहरुमा राम शाह, महेन्द्र, वीरेन्द्र आदिका विचारहरुको पनि अनुसरण गरौं। यसले नै हाम्रो माटोको रक्षा पनि गर्दछ र देशलाई सम्वृद्धि तर्फ लैजान मद्दत गर्दछ।

हरेक मंगलवार नेपालभाषाको
रंगीन साप्ताहिक पत्रिका
लहना
व्यवसायिक पत्रकारिता, थौंया आवश्यकता LAHANA WEEKLY वाःपौ
खोजी खोजी पढौं।

प्रधानमन्त्री कपको शीर्षमा एपिएफ

• **मेरो संवाददाता**

काठमाडौं/प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताको अंक तालिकाको शीर्ष स्थानमा चार अंकका साथ विभागीय टोली एपीएफ शीर्षस्थानमा रहेको छ। एपिएफले हालसम्म दुवै खेलमा जीत हात पार्दै शीर्ष स्थानमा रहेको छ।

अंकतालिकाको दोश्रो स्थानमा त्रिभुवन आर्मी क्लब र तेस्रो स्थानमा सुदुर पश्चिम प्रदेश रहेको छ।

यसैगरी नेपाल पुलिस क्लब चौथो, कर्णाली प्रदेश पाँचौं, मधेस प्रदेश छैठौं र लुम्बिनी प्रदेश सातौं स्थानमा रहेका छन्। दुई दुईवटा खेल खेलेका गण्डकी, बागमती र कोशी प्रदेश हालसम्म जितविहीन अवस्थामा छन्।

सोमवार भएको खेलमा विभागीय टोली नेपाल एपिएफ क्लबले कोशी प्रदेशलाई ६ विकेटले हराएको थियो। एपिएफको जितमा कप्तान रोहित पौडेलले सानदार प्रदर्शन गर्नुभयो।

जितको लागि एक सय ३६ रनको सामान्य लक्ष्य पछ्याएको एपिएफले १९.१ ओभरमा चार विकेटको क्षतिमा लक्ष्य भेट्टाएको थियो। एपिएफको जितमा रोहितले ८० रन, ओपनर प्रज्वल शाही २२ र सुमित महर्जनले २० रन जोड्नुभयो। बलिङमा कोशीका फिर्दोस अन्सारी, कमल खत्री, समीर कार्की र सोनु मण्डलले एक एक विकेट लिनुभयो।

यसअघि टस हारेर पहिले ब्याटिङ गर्ने निम्तो पाएको कोशी ४४.३ ओभरमा सबै विकेटको क्षतिमा एक सय ३५ रन बनाएको थियो। कोशीको लागि फिर्दोस अन्सारीले ५५, सोनु अन्सारी २०, अङ्कित सुवेदी १३, सोनु मण्डल ११ र आशिष भट्टराईले १० रन बनाएको थियो।

प्रतियोगितामा आज तीनवटा खेल हुने भएका छन्। आज कोशी प्रदेश र नेपाल पुलिस क्लबबीचको खेल कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा बिहान ९:१५ बजे सुरु हुने छ। यसैगरी अर्को खेल काठमाडौंको मुलपानी क्रिकेट मैदानमा बागमती प्रदेश र मधेस प्रदेशबीच बिहान ९:१५ बजे सुरु हुने छ। तेस्रो खेल रुपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशबीच बिहान ९:०० बजे सुरु हुने छ।

प्रिन्स दाहाल र रसिला महर्जन च्याम्पियन

• **मेरो संवाददाता**

काठमाडौं/प्रथम प्रकाश दाहाल स्मृति राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगितामा एपिएफ क्लबका प्रिन्स दाहाल र त्रिभुवन आर्मीकी रसिला महर्जन च्याम्पियन बन्नुभएको छ।

स्पोर्टस् हबको आयोजनामा भएको प्रतियोगिताको पुरुष एकलतर्फ प्रिन्सले आर्मीका प्रफुल्ल महर्जनलाई २-० को सोझो सेटमा हराउँदै उपाधि जित्नुभएको हो। पहिलो सेट २१-१६ ले जितेका प्रिन्सले दोस्रो सेटमा पनि प्रफुल्ललाई २१-१६ मा नै रोक्नुभएको थियो। एपिएफका देवराज राना र नेपाल पुलिसका विष्णु कटुवाल तेस्रो हुनुभयो।

यस्तै महिला एकलतर्फ रसिलाले आफ्नै क्लबकी अनुमाया राईलाई २१-३, २१-१४ ले हराउनुभयो। आर्मीकी अमिता गिरी र कस्तुरी कलेजकी सीमा राजवंशी तेस्रो हुनुभयो। स्थानीयतर्फ आयोजक स्पोर्टस् हबका अनुज तामाङ र सुमित थोकर पहिलो हुनुभयो।

पुरुष शीर्ष २० वरीयता बाहेकको युगलतर्फ कास्कीका विधान अधिकारी र आर्मीका पविन लिनथेप च्याम्पियन बन्नुभयो।

भेटरन्स ३५ वर्षमाथिको खेलमा कास्कीका विशाल खड्का र आर्मीका सुरोज महर्जनको जोडी पहिलो हुनुभयो।

४५ वर्षमाथिको प्रतिस्पर्धामा चन्द्रागिरि ब्याडमिन्टन क्लबका हरि खत्री र राजकुमार पोखरेलको जोडीले बाजी मारेको छ। विजेतालाई पूर्वमन्त्री एवं नेकपा माओवादी नेत्री पम्फा भुसाललगायतले पुरस्कार प्रदान गर्नुभयो।

दोलखा चेस होम बन्यो विजेता

मेरो संवाददाता

काठमाडौं/दोलखा चेस होम नेपालले छैठौं तुल्सिलाल स्मृति राष्ट्रिय क्लब टिम च्याम्पियनसिप बुद्धिचाल प्रतियोगिताको उपाधि जितेको छ। तुल्सिलाल स्मृती प्रतिष्ठानको हलमा शनिबार सम्पन्न फाइनल खेलमा भक्तपुर जिल्ला बुद्धिचाल सङ्घलाई हराउँदै दोलखाले उपाधि जितेको हो।

नेपाल बुद्धिचाल महासङ्घ र ललितपुर स्पोर्ट्स क्लबको संयुक्त आयोजनामा सम्पन्न प्रतियोगिताको उपाधि जित्ने क्रममा दोलखाले भक्तपुरलाई ३.५ र ०.५ ले हरायो। टिमलाई उपाधि जिताउने क्रममा दोलखामा वर्तमान नेपाल च्याम्पियन रुपेस जैसवालले युवा खेलाडी पुरुषोत्तम सिलवाललाई पराजित गर्दा दोलखाका सुश्रुत दहालले भक्तपुरका विकास चोकामीसँग बराबरी खेलेको थियो।

यस्तै दोलखाका मुहान नर्सिङ श्रेष्ठ र सुजना लोहनीले क्रमशः भक्तपुरका स्वर्णिम दुवाल र अभिक शाहलाई पराजित गर्नुभयो। अर्को खेलमा मकवानपुर जिल्ला चेस सङ्घलाई २.५ र १.५ ले पराजित गर्दै कोशी प्रदेश तेस्रो भयो। उपाधि जितेसँगै दोलखाले दुई लाख रुपियाँ पुरस्कार पायो। उपविजेता भक्तपुरले एक लाख २० हजार, तेस्रो भएको कोशीले ६० हजार र चौथो भएको मकवानपुरले ४० हजार रुपियाँ पुरस्कार पाएको छ। प्रत्येक बोर्डमा पहिलो हुने चार जना खेलाडीलाई जनही १० हजार रुपियाँ पुरस्कार प्रदान गरिएको छ। प्रतियोगितामा राष्ट्रिय स्तरका उत्कृट १९ क्लबले प्रतिस्पर्धा गरेको प्रतियोगिताका संयोजक राजु ताम्राकारले जानकारी दिनुभयो।

मेरो साहित्य

"तिम्रो चिठ्ठी"

✍ **सरीना बज्राचार्य**

फेरिएको मन बद्लियो
तिम्रो एक चिठ्ठीले
पाइला मेरो कहाँ टेकुँ कहाँ
सोच्नै गाह्रो भयो

बद्लिएको समय
फेरि नजिकियो
तिम्रो एक चिठ्ठीले

फेरिएको गन्तव्य
रोकिन बाध्य भयो
तिम्रो एक चिठ्ठीले

टाढिँदै गएको प्रेम
फेरि एकचोटी
आँखाको झ्फल्कोमा
आउने रहर भयो

अधुरो सपना
फेरि पुरा गर्न रहर लाग्यो
तिम्रो एक चिठ्ठीले

रोकिएको हाँसो
अनुहारमा मुस्कुराउँन थाल्यो
तिम्रो एक चिठ्ठीले

फेरिएको मन बद्लियो
तिम्रो एक चिठ्ठीले।

सानी नानी

✍ **लक्ष्मी सुन्दरी शाक्य**

मेरो बेहोसी आज
मेरो लागि धोका भयो
भूल मेरो एउटै थियो
सानी भनि माया गर्यो

सानी मेरी नानी भनि
आँखा भित्र टाँसी राखैं
सानी आज धुलो बनि
आँखा भित्र छ्यापी दियो
मेरो लागि धोका भयो
नानी मेरी ज्ञानी भनि
दिल भित्र माया गरे
ज्ञानी आज काँडा
बनि मुटु भित्र विझि दियो
मेरो बेहोसी आज
मेरो लागि धोका भयो।

अनुरोध

आदरणीय साहित्यकार बन्धुहरु !

मेरो साप्ताहिकले नेपाली साहित्यका विविध विधालाई आफ्नो प्रकाशनमा स्थान दिनका लागि मेरो साहित्य पृष्ठ सुरु गरेका छौं। यहाँहरुले आफ्ना अमूल्य रचनाहरु उपलब्ध गराई नेपाली साहित्यको श्रीवृद्धिमा सहयोग गर्नुहुनेछ भन्ने विश्वासका साथ हार्दिक अनुरोध गर्दछु।

यहाँका रचनाहरु भाइबर, ह्वाट्सएपबाट पनि पठाउन सक्नुहुनेछ।

सम्पर्क : ९८४१२१५२५०
meroweekly@gmail.com

मेरो साप्ताहिक
काठमाडौं जि.प्र.का. द.नं. : ३१२/०७६/७७ मचा साप्ताहिक

प्रो. अरुण महर्जन

अरुण दुध डेरी उद्योग

ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१



यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

श्री तलेजु भवानी सेवा समितिको १२ औं साधारण सभा सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/आराध्यदेवी श्री तलेजु भवानी सेवा समितिको १२ औं साधारण सभा गत शनिवार पचली भैरव शक्तिपिथ, टेकूमा सम्पन्न भयो ।

समितिका अध्यक्ष शैलेन्द्र कुमार श्रेष्ठको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा श्री पचली भैरवनाथ तथा अष्टमातृकाको पूजा पनि गरिएको थियो । कार्यक्रममा समितिका सचिव राजेन्द्र मानन्धरले समितिको कार्यप्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कोषाध्यक्ष कमला श्रेष्ठले संस्थाको आर्थिक गतिविधि प्रस्तुत गर्नुभएको थियो ।

हामीसँगको छोटो कुराकानीमा समितिका अध्यक्ष श्रेष्ठले संस्थाले गाइजात्रा पर्वको अवसरमा ताकेर्हे पुचःसँगको सहकार्यमा निःशुल्क पानी वितरण गरेको, इन्द्रजात्रा पर्वको अवसरमा जात्रा अवधिभर साँझ दीप प्रज्वलन, विशेष पूजा र समयबजी प्रसाद वितरण गरेको, वडा दशैंको पावन अवसरमा श्री तलेजु भवानी सवारी यात्रामा स्वयंसेवकको भूमिका निर्वाह गरेको, तिहारमा हनुमानढोका परिसरमा दीप प्रज्वलन गरेको, भैरवाष्टमीका दिन नित्यनाथ, श्री भैरवको पूजा आराधना गरेको लगायत अन्य विविध सामाजिक क्रियाकलापहरुमा सहभागिता जनाइएको बताउनुभयो ।

भूकम्पको जोखिमबाट बच्ने उपाय

- *भूकम्पको जोखिम र त्यसबाट बच्ने उपायबारे जानकारी आदानप्रदान गरौं,*
- *घरभित्रका फर्निचर, सजावटका सामान, पानी ट्याङ्की नहल्लने र नखस्ने गरी बलियोसँग राखौं,*
- *घर, स्कूल तथा कार्यालयमा भूकम्पको समयमा सुरक्षित रहन सकिने स्थानको पहिचान गरौं,*
- *भूकम्पको समयमा आत्तिएर भाग्ने वा दगुर्ने नगरौं, भूकम्पको बेला खुल्ला र सुरक्षित स्थानमा जाऔं,*
- *प्राथमिक स्वास्थ्य उपचारको विषयमा जानकारी राखौं,*
- *आफू सुरक्षित भई अरुको सुरक्षामा ध्यान दिऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

कुनै पनि शुभ कार्य जस्तै :
शुभ विवाह,
व्रतवन्ध, पास्नी,
साथै सभा समारोहको लागि
फूल क्याटरिङ्गसहित हल चाहिएमा
सम्पर्क गर्नुहोस् ।

त्रिरत्न मानन्धर
९८४१३१६६३०

सानुकाजी महर्जन
९८४१५६०६१०

स्वयम्भू ब्याङ्क्वेट
भुइखेल, स्वयम्भु, काठमाडौं । सम्पर्क : ०१५३८१५३८